दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १९ | बुटवल | २०८२ पौष २९ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday January13, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

कांग्रेस विशेष महाधिवेशन :

# गल्ती सच्याउन १८ बुँदे संकल्प प्रस्ताव

**आगामी चुनावमा कसैसँग गठबन्धन नगर्ने, दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाइने, पति-पत्नी एकै कार्यकालमा सांसद बन्न नपाइने, नातावादको अन्त्य, आन्तरिक सुशासन आयोग गठनलगायत विषयहरू संकल्पका रूपमा प्रस्ताव गरिएको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसको काठमाडौंमा जारी विशेष महाधिवेशनले पार्टीबाट एक व्यक्ति दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने नीति अवलम्बन गर्ने संकल्प प्रस्ताव अगाडि सारेको छ।

काठमाडौंमा जारी कांग्रेसको विशेष महाधिवेशनमा सोमबार सांगठनिक प्रस्ताव प्रस्तुत गर्दै महामन्त्री विश्वप्रकाश शर्माले विगतका गल्ती र सच्याउने संकल्पमा १८ वटा नीतिगत सुधारका प्रस्तावहरू अगाडि सारेका छन्।

'चुनाव हुने, नयाँ सरकार बन्ने तर प्रधानमन्त्री पुरानै हुने अभ्यास हामीले करिब डेढ दशकयता निरन्तर गर्दै आयौँ,' शर्माको प्रतिवेदनमा भनिएको छ-'यसले एकातर्फ नागरिकमा असन्तुष्टि बढायो र नेतृत्वलाई अलोकप्रिय बनायो भने अर्कातर्फ सार्थक परिणाम पनि दिन सकेन।'

समाधानको संकल्पमा उनले भनेका छन्-'विगतको गल्ती सच्याउँदै यो विशेष महाधिवेशन उद्घोष गर्दछ- नेपाली कांग्रेसको तर्फबाट भविष्यमा कोही पनि दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्ने छैनन्। दुई पटक मात्रै प्रधानमन्त्री बन्ने यो नीतिलाई नेपालको संविधानमा लिपिबद्ध गर्न नेपाली कांग्रेसले अग्रसरता लिनेछ।'

कांग्रेस विशेष महाधिवेशनले बूढीगण्डकी जलविद्युत् परियोजनालाई सरकार, डायस्पोरामा रहेका गैरआवासीय नेपाली र निजी क्षेत्र (जीडीपीपी मोडेल) लाई गाँसेर अघि बढाउन आगामी सरकार र संसदलाई अपिल गरेको छ।

नेपाली कांग्रेसको तर्फबाट भविष्यमा कोही पनि दुई पटकभन्दा बढी प्रधानमन्त्री नबन्ने गरी यो नीतिलाई नेपालको संविधानमा लिपिबद्ध गर्न नेपाली कांग्रेसले अग्रसरता लिने प्रस्तावमा उल्लेख छ।

आगामी निर्वाचनमा कुनै पनि दलसँग गठबन्धन नगरी एक्लै प्रतिस्पर्धा गर्ने निर्णय गर्ने प्रस्तावमा उल्लेख छ।

यस्तै वजेटमा वितरण सन्तुलित बनाई समन्यायिक विकासको अवधारणा मर्यादित ढङ्गले अवलम्बन गर्ने, योजनाको आर्थिक सम्भाव्यता परीक्षण गरी लहडका परियोजना अघि नबढाउने, कुनै पनि महत्त्वपूर्ण प्रस्तावलाई विज्ञहरूको संलग्नताबाट 'सम्भव' रहे-नरहेको परीक्षण र आवश्यकता पर्दा संसदीय छलफलबाट मात्रै अघि बढाउने प्रस्ताव गरिएको छ।

पुँजीगत खर्च र विकासको मोडेलमा सुधार गर्न भौतिक पूर्वाधार निर्माण कार्य '३ सिफ्ट'मा गर्न आवश्यक कानुनी एवं व्यावहारिक बन्दोबस्त मिलाउन पहल गर्ने, असारे विकास रोक्ने र विकासका कार्यमा तीन तहका सरकारबिच काम बाँडफाँटको सन्तुलन मिलाउने प्रतिबद्धता संकल्प प्रस्ताव गरिएको छ।

राजनीतिक नियुक्तिमा योग्यताको मापन गर्नुपर्नेमा जोड दिंदै इमानदारी, नैतिकता र चरित्रको मापन गर्ने 'इन्टीग्रिटी भेटिङ सिस्टम' अनुरूप ट्र्याक रेकर्ड हेरेर मात्रै चयन गर्ने पद्धति बसाउने संकल्प प्रस्ताव गरिएको छ।

विश्वविद्यालयका उपकुलपति, रेक्टर वा रजिस्ट्रारजस्ता जिम्मेवार नेतृत्वको चयन राजनीतिक भागबन्डाका आधारमा नगर्ने संकल्प प्रस्ताव गरिएको छ।

विशिष्ट नेतृत्व चयनमा विशिष्ट योग्यता मापन गर्ने मर्यादित मापदण्डको विकास गरिने उल्लेख छ। शिक्षा विधेयक र शिक्षकको सम्मान गर्दै आगामी संसद्को पहिलो सत्रबाट नै शिक्षा विधेयकलाई शिक्षक महासंघ र अन्य सरोकारवालाहरूसँगको सम्झौताको जगमा पारित गर्न पहलकदमी गर्ने संकल्प प्रस्ताव गरिएको छ।

यस्तै शैक्षिक संस्थामा अराजकताको अन्त्य गर्न पार्टीनिकट कुनै पनि विद्यार्थीले अराजक गतिविधि गरे तत्काले सदस्यताबाट मुक्त गर्ने प्रक्रिया तय गरिने संकल्प प्रस्ताव गरिएको छ।

सामाजिक विसङ्गतिविरुद्ध शून्य सहनशीलता कायम गर्न कांग्रेसको कुनै पनि सदस्य जातीय विभेद, घरेलु हिंसा, बालश्रमलगायतका सामाजिक विसङ्गतिमा संलग्न प्रमाणित हुनासाथ निजको पार्टी सदस्यता नरहने प्रावधान कडाइका साथ कार्यान्वयन गरिनेसंकल्प प्रस्ताव गरिएको छ।

प्रशासनिक झन्झटको अन्त्य गर्न आवश्यक व्यावहारिक बन्दोबस्त मिलाउने योजना तर्जुमा गरी त्यसलाई उत्प्रेरणाका साथ कार्यान्वयनमा लैजाने संकल्प गरिएको छ। यस्तै श्रमिकको हकहित र न्यूनतम ज्यालामा गम्भीर हुँदै श्रमिक आबद्ध संस्थाहरूको साझा दृष्टि गाँस्दै नेपाल ट्रेड युनियन कांग्रेससँगको सहकार्यमा यसको समाधानका लागि कांग्रेसले नेतृत्व लिने प्रस्ताव गरिएको छ। नातावादको अन्त्य गर्न एकाघरका श्रीमान /श्रीमती एकै पटक एउटै तहको जनप्रतिनिधि बन्न नपाइने प्रस्ताव गरिएको छ।

यस्तै उम्मेदवार चयनमा लोकप्रियता, योग्यता र न्यायको मिश्रणसहितको नयाँ पद्धति विकास गर्न आन्तरिक निर्वाचनको पाइलट प्रोजेक्ट हुँदै अघि बढ्ने प्रस्ताव गरिएको छ।

यस्तै पार्टीका पदाधिकारी वा जनप्रतिनिधिहरूको कार्यशैलीले सुशासनमा कस्तो असर पुऱ्याएको छ भन्ने अनुगमन गर्ने पद्धतिको विकास गर्न 'आन्तरिक सुशासन आयोग' गठन गर्ने प्रस्ताव गरिएको छ।

नेपाली कांग्रेसको विशेष महाधिवेशनमा सोमबार बन्दसत्र सकिएको छ भने मंगलबार आज बिहान फेरि सुरु हुने भएको छ। सोमबार भएको बन्दसत्रमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकश शर्माले राजनीतिक प्रस्ताव पेश गरेका थिए। उनीहरूका प्रस्तावमा महाधिवेशन प्रतिनिधिले समूहगत छलफल गरेका थिए।

सोमबार छलफल नसकिएपछि फेरि मंगलबार बन्दसत्र जारी रहने महाधिवेशन पक्षधरका नेता सुवाषकुमार पोखरेलले जानकारी दिए।

विशेष महाधिवेशनमा महामन्त्रीद्वय थापा र शर्माले पेश गरेका प्रतिवेदनमाथि छलफल जारी रहेको उनले बताए। सोमबार भएको छलफलमा कोसी प्रदेशको टोलीले आफ्नो समूहगत प्रतिवेदन बुझाएको छ। केही प्रदेशले छलफल जारी राखेको पोखरेल बताए।

पुराना समिति भंग गरेर नयाँ गठनको प्रक्रियामा जाने उनले बताए। 'मंगलबार हामीले निर्वाचन समिति, अनुशसान समिति, केन्द्रीय समिति लगायतका केही भंग गर्नुपर्ने हुन्छ। किनभने अहिलेको निर्वाचन समितिलाई भंग नगरी अर्को निर्वाचन जाँदैनत्यो निर्णय लिएपछि नयां नेतृत्वका लागि निर्वाचनको प्रक्रिया परारम्भ हुन्छ।'-उनले भने।

मंगलबारका लागि हल बुक भइसकेको उनले जानकारी दिए। 'मंगलबारको लागि हल पनि बुक भइसकेको छ,' पोखरेलले भने- 'मंगलबार नै हामी निर्वाचनको प्रक्रिया थाल्छौँ।'

बन्दसत्रले नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनको कार्यसूचीमा परेको नयाँ पार्टी सभापति निर्वाचित गर्ने विषय पारित भएको




छ। कांग्रेसको १४औँ महाधिवेशन २०७८ बाट निर्वाचित मौजुदा केन्द्रीय कार्यसमितिको पदावधि समाप्त भइसकेको भन्दै त्यसलाई बिघटन गर्ने कार्यविधि पारित गरिएको हो।

आफूलाई सभापतिमा जिताउने प्रतिनिधि नै विपक्षमा उभिँदा नेतृत्वमा रहिरहन सभापति देउवामाथि राजनीतिक र नैतिक दबाब बढेको छ।

'नेपाली कांग्रेसको १५औँ महाधिवेशन सम्पन्न नहुँदासम्मको लागि नयाँ केन्द्रीय कार्यसमितिको निर्वाचन गरिने।'- विषय पनि कार्यसूचीमा परेको छ।

'चौधौँ महाधिवेशन पश्चात नेपाली कांग्रेसको विधान २०१७ (संशोधनसहित) बमोजिम विभिन्न मितिमा गठित केन्द्रीय निर्वाचन समिति, केन्द्रीय अनुशासन समिति, केन्द्रीय लेखासमितिसहितको बिघटन गर्ने।'- विषयसहितका विषय कार्यसूचीमा छन्।

महामन्त्री गगन थापा पहिलेदेखि नै पार्टी नेतृत्व परिवर्तन नभई चुनावमा नजाने अडानमा छन्। केही समयअगाडि देउवाको हस्ताक्षरबाट आफूले प्रतिनिधिसभा निर्वाचनको टिकट नलिने सार्वजनिक उद्घोष नै गरेका थिए।

कांग्रेसको १४औं महाधिवेशनमा शेरबहादुर देउवालाई सभापतिमा निर्वाचित गरेका बहुमत प्रतिनिधि नै अहिले उनको विपक्षमा उभिएका हुन्। चार वर्षअघिको महाधिवेशनमा देउवासँग सभापतिमा प्रतिस्पर्धा गरेका शेखर कोइरालासमेत अहिले संस्थापन पक्षमै रहँदा पनि ६३ प्रतिशत बढी प्रतिनिधि नीति र नेतृत्व परिवर्तनको मुद्दा बोकेर विशेष महाधिवेशनमा सहभागी भएका हुन्।

मंसिर ०७८ मा भएको १४औं महाधिवेशनमा देउवा ६० प्रतिशत मतसहित सभापति निर्वाचित भएका थिए। आइतबार राति ९ बजेसम्म दर्ता भएको विवरणअनुसार २ हजार ६ सय ६२ प्रतिनिधि विशेष महाधिवेशनमा सहभागी छन्।

» बाँकी ३ पेजमा

## संस्थापनले बोलायो केन्द्रीय समिति बैठक

बुटवल। नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक आह्वान भएको छ।

मंगलबार बिहान ११ बजे बस्नेगरी बैठक आह्वान गरिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

उनका अनुसार, बैठक केन्द्रीय कार्यालय सानेपामा बस्नेछ।

पार्टीको एक पक्षले विशेष महाधिवेशन गरेपछि विवाद बढ्दै गएको छ। संस्थापन पक्षीय नेताहरूले विशेष महाधिवेशन अवैधानिक भनिरहेका छन् भने विशेष पक्षधरहरूले भने नेतृत्व र नीति चुन्नेगरी अघि बढ्ने बताएका छन्। विशेष महाधिवेशनमा ६० प्रतिशत बढी प्रतिनिधि सहभागी भएपछि संस्थापन पक्ष दबाबमा परेको छ।

# भूकम्पबारे बुझाउन आज बुटवलमा वृहत् प्रदर्शनी

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) को आयोजनामा हुने प्रदर्शनीमा रूपन्देहीका सरकारी र संस्थागत विद्यालय-कलेजका ४ हजार विद्यार्थी सहभागी हुने अनुमान छ।



बुटवल। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) ले न्यू होराइजन स्कूल, बुटवलसँगको सहकार्यमा भूकम्पसम्बन्धी वृहत् प्रदर्शनी बुटवलमा आयोजना गरेको छ।

नाष्टले भूकम्पको क्षतिबाट जोगाउन समाजमा जनचेतना फैलाउने उद्देश्यले बुटवलमा गरेको यो पहिलो वृहत प्रदर्शनी हो।

न्यू होराइजन स्कूलको कक्षा ११ र १२ को ब्लक देवसिद्धचोकमा मंगलबार आयोजना हुने कार्यक्रममा रुपन्देहीका सरकारी र संस्थागत गरी ३५ बढी विद्यालयका ४ हजार विद्यार्थी सहभागी हुने आयोजकले जनाएका छन्।

प्रदर्शनीमा भूकम्प कसरी जान्छ ?, भूकम्प गइहालेमा मानिसहरु कसरी सुरक्षित हुन सकिन्छ ? आदि विषयमा विभिन्न १४ थरिका मोडेलहरु प्रदर्शनी गरिने आयोजकले जनाएका छन्।

कार्यक्रमको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बिहान ८ बजे गर्ने कार्यक्रम रहेको न्यू होराइजन स्कूलका प्राचार्य लोकनाथ उपाध्यायले जानकारी दिए। कार्यक्रम साँझ ५ बजेसम्म चल्ने उनले बताए।

नास्टका प्रविधि संकाय प्रमुख डा. सुरेशकुमार ढुंगेलले नेपाल भूकम्पीय जोखिमयुक्त मुलुक भएकाले विद्यालय तहदेखि नै भूकम्पबारे वैज्ञानिक जानकारी र व्यवहारिक तयारी आवश्यक रहेको बताए। उनले न्यू होराइजन शैक्षिक गुणस्तर र अतिरिक्त क्रियाकलापमा देशकै अग्रणी निजी विद्यालय भएकाले नाष्टले विभिन्न चरणका छलफलपछि सहकार्य गरेको प्रष्ट पारे।

सोमबार विद्यालयमा आयोजित पत्रकार भेटघाटमा उनले भने-'भूकम्पको जोखिम न्यूनीकरण गर्न दीर्घकालीन रणनीति आवश्यक छ। यस्ता प्रदर्शनात्मक कार्यक्रमले विद्यार्थी तथा शिक्षकलाई वैज्ञानिक आधारमा बुझ्ने र आपतकालीन अवस्थामा सही निर्णय लिन सक्षम बनाउँछ।'

न्यू होराइजन स्कुलका प्राचार्य लोकनाथ उपाध्यायले विद्यालय परिसरमै यस्तो राष्ट्रियस्तरको वैज्ञानिक कार्यक्रम आयोजना हुनु सिंगो रुपन्देहीका लागि गर्वको विषय भएको उल्लेख गर्दै कार्यक्रममा सहभागी भएर भूकम्पको जोखिमबाट जीवन सुरक्षित गराउने ज्ञान हासिल गर्न आग्रह गरे। 'विद्यालय केवल पठनपाठनको केन्द्र मात्र नभई जीवन उपयोगी ज्ञान सिक्ने थलो हो। नास्टसँगको सहकार्यले विद्यार्थीहरूमा भूकम्पीय सचेतना र व्यवहारिक सीप विकासमा ठूलो योगदान पुग्नेछ।'-उनले भने।

वरिष्ठ भूकम्पविद डा. लोकविजय अधिकारीले भूकम्पको पूर्वतयारी र सही सूचना नै क्षति न्यूनीकरणको प्रमुख आधार भएको बताए।

"भूकम्प कहिले आउँछ भन्ने थाहा हुँदैन, तर आउँदा कसरी सुरक्षित हुने भन्ने ज्ञान भने हामीले बुटवलको प्रदर्शनीमा सिकाउछौं।'-उनले भने।

भूकम्पविद् डा शिव सुवेदीका अनुसार कार्यक्रममा भूकम्पको उत्पत्ति, प्लेट टेक्टोनिक्स, नेपालमा देखिने भूकम्पीय प्रवृत्ति तथा सुरक्षित संरचना र व्यक्तिगत सुरक्षाका उपायहरू प्रदर्शन गरिनेछ। 'सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक अभ्यास गराउँदा विद्यार्थीहरूमा आत्मविश्वास र तयारी दुवै बढ्छ।'- उनले भने।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## प्रेरणाका पात्र प्रशान्त

गायक तथा अभिनेता प्रशान्त तामाङको निधनले संसारभरका नेपालभाषी फ्यानलाई स्तब्ध बनाएको छ । सुरिलो स्वरका प्रिय गायक प्रशान्त तामाङको आइतबार बिहान हृदयघातबाट निधन भयो । अब उनी आफ्ना करोडौं फ्यानका सामु कहिल्यै फर्कने छैनन् । ४२ वर्षीय प्रशान्तको निधनले नेपाली भाषीलाई स्तब्ध बनाउनुको कारण हो, नेपाली गीत र संगीतमार्फत् उनले पुऱ्याएको योगदान । उनको निधनले दार्जिलिङसहित संसारभर छरिएका नेपालीभाषीलाई निराश बनाएको छ। अरुणाचल प्रदेशमा कार्यक्रम सकेर दिल्ली फर्किएलगत्तै उनलाई हृदयघात भएको थियो । ४ जनवरी १९८३ मा पश्चिम बंगालको दार्जिलिङमा जन्मिएका प्रशान्त संघर्ष र मिहिनेतबाट उदाएका प्रतिभावान व्यक्ति हुन् । सानै उमेरमा बुबा बितेपछि परिवारको जिम्मेवारी सम्हालेका उनी अरूका लागि पनि प्रेरणाका पात्र हुन् ।

परिवारको जिम्मेवारीको भारीलाई जुरूक्क उठाउन उनी कोलकाता प्रहरीमा कन्स्टेबलको रूपमा भर्ती भए। प्रहरी ब्याण्डमा गीत गाउँदा गाउँदै उनी आफैँलाई सांगीतिक यात्रातर्फ डोऱ्याउन थाले। जब ड्युटी सकिन्थ्यो। बेलुका ब्याण्डको अभ्यास, सानो कक्षमा गीत रेकर्डिङमा व्यस्त हुन्थे । गीत संगीतप्रतिको लगाबले उनलाई सक्षम गायकको पहिचान दियो । र, आज नेपालीभाषी समुदाय उनको सम्झनामा रोएको छ । श्रद्धाञ्जली दिएको छ । मान्छेको जन्म संयोग हो, मृत्यु निश्चित छ। जन्मेपछि मृत्यु निश्चित भए पनि कहिले भन्ने ठ्याक्कै थाहा हुन्थ्यो भने मान्छेको जीवन गतिशील बन्न सम्भव थिएन् । अनिश्चित समयरेखामा हिंड्दै गर्दा कहाँ गएर मान्छेको जीवन बिराम लाग्छ, थाहा नहुँदो रहेछ। त्यस्तै भयो प्रशान्तको जीवनमा ।

सन् २००७ मा इन्डियन आइडल सिजन-३ मा अडिसन दिएपछि प्रशान्तको जीवनले निर्णायक मोड लिएको हो । स्टेजमा गाउन उभिँदा उनी एक्ला थिएनन् । करोडौं नेपालीभाषी फ्यान उनको साथमा उभिए । प्रतियोगितामा दर्शकको माया र निर्णायकको प्रशंसाले अन्ततः उनले उपाधि जिते ।

त्यस दिन उनी गाइरहेका थिए,

'गोर्खालीको छोरो हुँ म, गोर्खे मेरो नाम ।' उनको यही भावनाले नै हो उनीप्रति नेपालीको माया र स्नेह । भूगोल फरक भए पनि भाषाकै कारण हो, उनलाई नेपालसँग जोडेको । भूगोल फरक भए पनि भाषाले उनलाई नेपालसँग कहिल्यै नमेटिने ढंगले जोड्यो । पहिले इण्डियन आइडल भएपछि उनलाई जति माया दिए त्यत्तिकै अहिले उनको निधनमा नेपाली दुःखी भए । उनको भौतिक अवसान भए पनि नेपाली कला संस्कृति प्रवर्धन र नेपाली भाषी समुदायलाई जोड्न उनले खेलेको भूमिका अतुलनीय छ । नेपाली भाषा र संस्कृति प्रवर्धनमा उनले खेलेको भूमिका हामी सम्झिरहने छौं । नेपालीको मन-मनमा रहने छौं । तिमी अजर अमर रहने छौं । हार्दिक श्रद्धाञ्जली प्रशान्त ।

## नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक पाँच दशमलव ५४ अङ्कले घटेर दुई हजार ६३५ को बिन्दुमा कायम भएको छ। ३३३ कम्पनीको एक करोड २३ लाख नौ हजार ७४४ कित्ता शेयर ७८ हजार ८०८ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ४७ करोड २६ लाख सात हजार ८०१ दशमलव ६१ को कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा विकास बैंक शून्य दशमलव शून्य दुई, होटल तथा पर्यटन शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन एक दशमलव शून्य दुई, र म्युचुअल फण्ड शून्य दशमलव ११ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ शून्य दशमलव २५, वित्त शून्य दशमलव ५३, जलविद्युत् शून्य दशमलव ११, लगानी शून्य दशमलव ४२, जीवन बिमा शून्य दशमलव १८, लघुवित्त शून्य दशमलव ६६, निर्जीवन बिमा शून्य दशमलव १४, व्यापार एक दशमलव १६ र अन्य समूह शून्य दशमलव २९ प्रतिशतले घटेको छ।

एसवाई प्यानल नेपाल लिमिटेड र श्रीनगर एग्रीटेक इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव २४ प्रतिशतले घटेको छ।

# युवाहरूको आन्दोलन र नेपाली राजनीति



**श्यामप्रसाद मैनाली**

लामो समयदेखिको राजनीतिक इतिहास अध्ययन गर्दा नेपालको राजनीति सधैँ अस्थिरताबाट गुज्रिएको छ। नेपालको राजनीतिमा भूराजनीतिको प्रभाव आन्तरिक प्रभावभन्दा अत्यन्त ज्यादा देखिँदै गएको छ। कुनै पनि राजनीतिक आन्दोलनहरुका पछाडि ठूलो अन्तर्राष्ट्रिय शक्तिको भूमिका रहेको देखिन्छ । राजनीति आफैँमा गतिशील हुन्छ। जनताको इच्छा र आकांक्षाका आधारमा कुनै पनि देशको राजनीति परिचालित हुनुपर्दछ।

जनताबाट विमुख हुँदै सञ्चालन गरिएको राजनीतिले दिगोपना प्राप्त गर्न सक्दैन । जनताका आवश्यकता र चाहनालाई शिरोपर गरेर अघि बढ्ने राजनीतिले नै दिगोपना कायम गर्न सकेको छ। शासन शैली निरंकुश हुँदा राजनीतिक पद्धति जतिसुकै सबल, सक्षम र लोकतान्त्रिक भए पनि जनताले धाराशायी बनाइदिएका उदाहरणहरू विभिन्न देशहरुमा देखिएका छन् । स्वभावतः नेपाल पनि यसबाट अछुतो रहेको छैन।

विभिन्न देशमा आएको राजनीतिक परिवर्तनको प्रत्यक्ष प्रभाव अन्य देशहरूमा पनि पर्न सक्छ । त्यसैले राजनीति अत्यन्त संवेदनशील हुन्छ । सधैँ जनतालाई सन्तुष्ट राखी अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलनमा राख्न सक्ने सरकार र शासकहरू मात्र सफल हुन सक्छन् । यही सामान्य कसीमा अमुक देशका शासकहरूको शासन अवधिको निरन्तरताको बारेमा अनुमान गर्न थालियो भने त्यस्ता अनुमानहरू सत्यको नजिक पुग्नेछन् ।

नेपालमा यही वर्ष जेनजी युवाहरूले गरेको आन्दोलनको सफलताले पनि यही आत्मसात् गरेको देखिन्छ । यो आलेख विश्वमा यस्ता युवाहरूको आन्दोलनबाट भएका राजनीतिक र सत्ता परिवर्तन, विश्व राजनीतिमा यिनीहरुले पारेको प्रभाव र यी युवाहरूको अमुक देशको राजनीतिमा कस्तो किसिमको प्रभाव पर्दै गएको देखिन्छ ? यही विषयमा केन्द्रित भएर तयार पारेको छु। विभिन्न देशहरूमा युवाहरूको नेतृत्वमा भएको आन्दोलनले कसरी सफलता प्राप्त गरेको छ ? सरकार गठन नयाँ संविधान लेखनजस्ता सन्दर्भमा के-कस्ता भूमिका आन्दोलनकारी शक्तिहरूले खेल्न पुगेका छन् ? ती विषयमा उल्लेख गर्ने प्रयाससमेत गरिएको छ।

**अन्तर्राष्ट्रिय उदाहरणहरु :**

शासन सत्तासँग व्यापक असन्तुष्टि व्यक्त गर्दै विभिन्न देशमा युवाहरुले राजनीतिक आन्दोलन छेडेर सफलता प्राप्त गरेका छन् । यी सफलताहरु प्राप्त गर्नेहरूमा नेतृत्वविहीन आन्दोलनहरु पनि रहेका छन् । नेतृत्वसहितको युवा आन्दोलनले राजनीतिको भविष्य निर्देश गर्न सक्छ । तर नेतृत्वविहीन आन्दोलनबाट भएका धेरैवटा आन्दोलनहरु सफल भएका छन् । शासन सत्तालाई ठूलो दबाब पनि सिर्जना भएको छ । तर दूरगामी सोचविनाको विभिन्न प्रकारका मागहरू राखी गरिएको यस्ता आन्दोलनहरुले राजनीतिक अन्योलता वृद्धि गरेको देखिन्छ।

केही देशहरुमा यस्ता आन्दोलनहरु कसरी उठान भए ? मागहरु के-के थिए ? ती मागहरू पूरा गर्न आन्दोलनकारीहरु सफल भए कि भएनन् ? यी विषयमा विश्लेषण गर्नु सान्दर्भिक हुनेछ । भारतमा २०११ देखि ०१३ सम्म भ्रष्टाचारविरोधी आन्दोलन प्रारम्भ भयो । अन्ना हजारे आन्दोलनले जनतामा प्रभाव पार्न सफल बन्यो। राजनीतिक चेतना जागृत गरायो।

कांग्रेस आईजस्तो पुरानो र स्थापित राजनीतिक दललाई त्यस दलको शहरी क्षेत्रमा रहेको आधारलाई नै कमजोर बनाइदियो। आन्दोलनकारीहरूले नयाँ दल गठन गरे । राजधानी शहर दिल्लीमै उनीहरूको प्रभाव अत्यन्त ज्यादा देखियो । १९७३ मा थाइल्यान्डमा विद्यार्थीको आन्दोलनले पार्टी नेतृत्वलाई सत्ताबाट हटाएर नयाँ संवैधानिक व्यवस्था गर्न सफल भयो। चेकोस्लोभाकियामा सन् १९८९ मा भेलभेट रिभोलुसनले साम्यवादीहरूको नेतृत्वमा रहेको सरकारलाई सत्ताच्युत गर्न सफल भयो।

टुनिसियामा एक व्यापारीले आत्महत्या गरेको घटनापछि विद्यार्थी, युवा र जनतासहितको आन्दोलनले राष्ट्रपति बेन अलीको पतन गरायो । धेरै देशको राजनीतिक परिवर्तनमा यो आन्दोलन प्रेरक बन्यो। पुरै शासन प्रणालीलाई नै चुनौती दिएको थियो। बंगलादेशमा युवानेताको हत्या हालै भएको छ। उनले एक वर्षपहिला तत्कालीन प्रधानमन्त्रीलाई विदेश पलायन हुन बाध्य पारेका थिए। सन् २०२४-०२५ मा तत्कालीन प्रधानमन्त्री शेख हसिना बाजेद पदमुक्त भइन् । नयाँ पार्टी जातीय नागोरिकको गठन गरे । विभेदकारी नीति र आरक्षणसम्बन्धी व्यवस्थाको असन्तुष्टिबाट आन्दोलन छेडेको थियो। पछि यसले बृहत् रुप लियो। राजनीतिमा देखिएको अपराधीकरण र विभेदलाई चुनौती दिन सफल भयो।

सन् २०१८ देखि २४ सम्म भएको युवा र विद्यार्थीको आन्दोलनले बंगलादेशमा सैन्य शासनलाई घुँडा टेकाएको थियो। श्रीलंकामा आरागलायो नामक संघर्षले राजापाक्षेको पारिवारिक शासनको अन्त्य गरिदियो । सन् २०२२ मा देखिएको आर्थिक संकट र भ्रष्टाचारको विरुद्धमा युवाहरू सडकमा निस्किएका थिए। श्रीलंकाको राजनीतिक परिवर्तनका लागि ठूलो दबाब सिर्जना गर्न युवाहरू सफल भएका थिए । माल्दिभ्समा युवाहरूद्वारा सञ्चालित डिजिटल एक्टिभिस्टहरूको आन्दोलनले मौमून अब्दुल गयौँको ३० वर्षको शासन अन्त्य भएको थियो।

आइसल्यान्डमा सन् २००८ देखि २०११ सम्म भएको प्यान कुकर रिभोलुसनले आर्थिक संकट सिर्जना गरिनुको साथै असन्तुष्टिलाई सडकमा छताछुल्ल बनाएको थियो। यस आन्दोलनपश्चात सरकार परिवर्तन भयो । संविधान संशोधन भयो र बैंकिङ क्षेत्रमा सुधार आएको थियो । चिल्लीमा सन् २०१९ मा भएको सामाजिक आन्दोलनले भाडावृद्धिको विरोध गरेको थियो । यस आन्दोलनको परिणामस्वरूप संविधान संशोधन प्रक्रियाको प्रारम्भ जनमत संग्रहबाट भयो । नयाँ संविधान लेख्ने कार्यका लागि मार्गप्रशस्त गऱ्यो। यी सबै आन्दोलन सफल भएका थिए । अहिलेको परिवेशमा पनि युवाहरूद्वारा सञ्चालित राजनीतिक आन्दोलनहरू प्रायः सफल भएका छन् । आन्दोलन सफल हुन युवाहरूको दबाब विश्वपरिवेशमा अत्यन्त प्रभावकारी देखिएको छ।

**नेपाली सन्दर्भ :**

विभिन्न कालखण्डहरूमा नेपालमा भएका राजनीतिक विद्रोह र आन्दोलनमा युवाहरूका क्रियाशीलता अत्यन्त महत्वपूर्ण देखिएका छन् । २००६ सालमा प्रजातन्त्रको पक्षमा युवाहरूको योगदानको स्मरण गर्नु जरुरी हुन्छ । राणाहरूको तानाशाही शासन अन्त्य गर्न युवाहरुले आफैँलाई बलिवेदीमा चढाएर सम्मानित शहीदको कोटीमा दर्ज गराएका स्वर्णिम राजनीतिक इतिहास नेपालमा अध्ययन गर्न पाइन्छ। यसमा विद्यार्थी र युवाहरूको अतुलनीय योगदान रहेको थियो । २०४६ सालमा निर्दलीय तानाशाही पञ्चायती व्यवस्थाको विरुद्ध भएको आन्दोलनमा नेपालका विद्यार्थी र युवाहरूको सक्रिय सहभागिता थियो। २०६२-०६३ मा युवा विद्यार्थी र नागरिक समाजको क्रियाशीलताबाट देशमा संघीय शासन प्रणाली, गणतन्त्र र धर्म निरपेक्षता स्थापित गर्न देश सफल बनेको छ।

यसै वर्ष नेपालका जेनजी युवाहरूले अल्पवधिमा सरकार परिवर्तन हुनेसम्मको दबाब सिर्जना गरेको योगदानलाई सम्पूर्ण नेपालीले सम्मान गरेका छन् । यस वर्षको युवाहरूको आन्दोलनलाई यसअधिका राजनीतिक आन्दोलनहरूमा तुलना गर्दा पृथक दृष्टिकोणले हेर्नुपर्ने हुन्छ, किनकि यसअधिका आन्दोलनहरू युवाहरू स्वतस्फुर्त हिसाबले आन्दोलित बनेका थिए तर आन्दोलनको नेतृत्व राजनीतिक व्यक्तित्वहरूले लिएका थिए।

यस वर्षको युवाहरूको क्रियाशीलताले आफ्नो गन्तव्य निर्धारण गर्न हालका दिनसम्म पनि सकेको छैन। उनीहरुले देशमा सुशासन कायम हुनुपर्ने, भ्रष्टाचार नियन्त्रण हुनुपर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने आदि मागहरू राखेर आन्दोलित बनेका हुन्। यसमा पनि युवाहरुलाई सडकमा स्वतःस्फुर्त हिसाबले उपस्थित गराउने अवस्था सामाजिक सञ्जालमाथिको प्रतिबन्धले गराएको थियो । यो तत्कालीन ओली सरकारको सुझबुझको कमीको परिणाम थियो। किनकि सामाजिक सञ्जाल विशेष गरी युवाहरूको लागि जीवनरेखा नै बनिसकेको थियो।

शासन सत्तासँग व्यापक असन्तुष्टि बढिराखेको परिस्थितिमा भित्रभित्रै युवाहरू सामाजिक सञ्जालमार्फत सरकारको विरुद्ध आन्दोलित बनिराखेका थिए । यसको सूचना सरकारलाई हुने नै भयो । यही अवस्थामा युवाहरूको ऊर्जालाई बिल्कुल महत्व नदिई ओली सरकारले सामाजिक सञ्जालहरूमाथि प्रतिबन्ध लगाउनु नै कलाविनाको नाटक त्यस बखतका शासकहरुले सञ्चालन गरेका हुन्। यसको परिणाम के-कस्तो देखियो ? सबैलाई जगजाहेरै छ।

युवाहरूको यस वर्षको आन्दोलनले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा गर्नुबाहेक अन्य विषयमा खासै प्रगति भएको देखिएन। उनीहरुका मागहरु अनुपयुक्त भएको सरकारमा बस्नेहरूदेखि कसैले पनि भन्न सक्ने अवस्था छैन। मागहरु पूरा पनि भएका छैनन्। ओली सरकारलाई विस्थापित गरेर सुशीलालाई प्रधानमन्त्रीको कुर्सीमा विराजमान गराउन मात्र यो आन्दोलन भएको किमार्थ थिएन।

आन्दोलनको उद्देश्य पूरा गराउने सन्दर्भमा धेरै किसिमका कठिनाइ देखिएका छन् । युवाहरू सहजै सडकमा निस्किएर दबाब दिन्छन्, सरकार ढाल्छन्, तर उनीहरूको संगठन सञ्जाल प्रायः देखिँदैन । संगठन सञ्जालको विस्तार गर्ने सन्दर्भ उनीहरूको प्राथमिकतामा परेको देखिँदैन । नेतृत्वविहीन आन्दोलन उठान गर्नेहरुले भदौ २४ गतेकै दिन घुसपैठ भयो, हाम्रा आन्दोलन फिर्ता लियौँ भन्ने घोषणा गरेका थिए। यो आन्दोलनको नेतृत्वदायी भूमिकामा रहेका को-को हुन् ? भन्ने नै निश्चित छैन । जेन्जी आन्दोलन अपहरण भएको आक्षेपसम्म लगाइराखेका छन्।

एक समूहले अर्को समूहमा हिलो छ्याप्ने काम सतहमा आएको छ । यस स्थितिमा गन्तव्य निर्धारण गर्न कठिनाइ हुने नै भयो । आपसमा एकताको प्रदर्शन गर्नु जरुरी थियो, तर सरकारमा कसलाई पठाउने ? भन्ने सन्दर्भमा नै यी युवाहरूको बिचमा जुँगाको लडाइँ देखियो। जेनजीहरुले विधिवत् एउटै दल खोलेर सदस्यता व्यापकरुपमा वितरण गरी राष्ट्रव्यापी सञ्जाल खडा गर्ने सन्दर्भलाई प्राथमिकताको रुपमा राखी काम गर्नुपर्दथ्यो । यसमा उनीहरूको ध्यान गएको छैन । सरकारी शैली र सरकारलाई अस्वीकार गर्ने एजेन्डा स्पष्ट छ। तर यसमा विकल्पहरु के-के दिने हो ?

कसरी गन्तव्य निर्धारण गर्ने हो ? जेन्जीहरू नै अलमलमा छन् । तीव्रता र अल्पकालीन आन्दोलनको सफलता त देखियो, तर यो आन्दोलन नेतृत्वविहीन भएकै कारण गन्तव्य चुम्न सकेन। स्वतन्त्र पहिचानको निरन्तरता युवाहरूले कहिलेसम्म दिने हुन् ? यतिकै आधारमा देशमा सुशासन कायम गर्न सकिएला र ? यसका बारेमा चिन्तन देखिएन। देशमा सुशासन ल्याउनका लागि भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्नुपर्छ।

सामाजिक र आर्थिक असमानताको न्यूनीकरण जरुरी हुन्छ । रोजगारीका अवसर प्रदान गर्न सक्नुपर्दछ। आर्थिक संकटको समाधानको दिशामा मुलुक अघि बढ्नुपर्दछ। भ्रष्टाचार नियन्त्रणका विषयमा आयोग गठन गरेर छानबिनसम्म पनि वर्तमान सरकारबाट गराउन आन्दोलनकारी युवाहरूले सकेका छैनन् । आन्दोलनको जगमा सरकार खडा भएकोमा सन्देह छैन । जेन्जी युवाहरूका कार्यशैली र प्रस्तुतिकरणबाट सरकार प्रमुख आफैँ आजित भएका अभिव्यक्तिहरु आउन थालेका छन्। पुराना दलहरूमा सामान्यरूपमा पनि परिवर्तनको संकेत देखिएन। उही नारा, साबिककै गठबन्धन, उही अस्वीकार्य अनुहार युवाहरूले हेरिराखेका छन्। परिवर्तनको थोरै पनि संकेत यी पुराना दलहरुले देखाउन सकेका छैनन्।

यी समस्याबाट उन्मुक्ति पाई आफ्ना माग पूरा गर्नेतर्फ राज्यको ध्यान आकृष्ट गराउन युवाहरू लाग्नुपर्ने अवस्था टड्कारो छ। युवाहरूको स्पष्ट एजेन्डा हुनुपऱ्यो। आफ्ना एजेन्डाहरूमा युवाहरूकै बीच पृथक प्रकारका धारणा अभिव्यक्त हुनुभएन। नीति र कार्ययोजनाका खाका राखेर युवाहरू राजनीतिक दल दर्ता गरी निर्वाचनलाई नै उपयोग गर्दै जनताका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नु जरुरी छ।

युवाहरूमा जोश, जाँगर र ऊर्जा प्रशस्त छ। तर शासन गर्ने कलाको कमजोस्वभावतः हुने नै भयो। श्रीलंकामा 'गो ब्याक राजापाक्षरी ' एकल एजेन्डा लिएर युवाहरू सडकमा आएका थिए । सफल भए । हाम्रा युवाहरुले धेरैवटा तर राम्रा एजेन्डाहरु तय गरे तर मुख्य एजेन्डाहरु अलपत्र पारे। युवाहरू आवश्यकताभन्दा बढ्ता डिजिटल प्रभावमा विश्वस्त हुन पुगे । भौतिक उपस्थिति उल्लेख्यरुपमा जनतासमक्ष हुन सकेन। युवाहरू सडकमै व्यस्त रहिरहँदा पुराना दलहरू आफ्ना स्थापित सञ्जालमार्फत् संगठित हुँदै गएका छन्। उनीहरुले आफ्नो स्रोत, साधन र सांगठनिक सञ्जालका माध्यमबाट युवाहरुलाई असहज अवस्थामा धकेलिराखेका छन्।

अब प्रश्न उठ्न सक्छ, के यति धेरै नेपाली सपुतहरूको ज्यान नै बलिदान दिनुको मूल्य ओलीलाई प्रधानमन्त्रीबाट विस्थापित गराएर मात्र पर्याप्त होला ? जेन्जी आन्दोलनकारीहरूले उठाएका यी अब्बल मागहरू कसरी पूरा गर्न सकिएला त ? जेनजीले नै बनाएको दाबी गरिएकी देशको प्रधानमन्त्रीज्यू हालका दिनसम्म पनि सरकारमा प्रायः कुहिराको कागजस्तै बनिसक्नुभएको छ। सरकारमा रहनेहरुमा राजनीतिक पृष्ठभूमि भएकाहरूको अभाव छ । राजनीतिक संस्कार पनि खासै देखिँदैन । युवाहरुले धेरैवटा एजेन्डा अघि बढाएका छन्, महत्वपूर्ण एजेन्डालाई सम्बोधन भएको छैन।

उदाहरणका लागि भ्रष्टाचार नियन्त्रणको सन्दर्भ अत्यन्त जटिल छ । पूर्णतया नियन्त्रण असम्भव छ । तर पनि जिम्मेवारीमा रहेकाहरुले इमानदारिताका साथ भ्रष्टाचार नियन्त्रणका दिशामा अघि बढ्दा अल्पअवधिमै केही प्रगति हुनसक्छ ? यस विषयलाई सरकारले प्राथमिकतामा राख्नुपर्दछ । युवाहरूको दबाब अर्थपूर्ण हिसाबले सरकारमाथि हुनु जरुरी छ। सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रण गर्नेजस्ता पवित्र उद्देश्यसहित अघि बढेका युवाहरुलाई नागरिक समाजलगायत सबैले साथ दिनुपर्दछ। त्यो परिस्थिति निर्माण भएको देखिँदैन।

केन्द्रीय स्तरमा नेतृत्व पंक्ति शीघ्र तयार हुनुपर्दछ र यसले देशभर संगठन विस्तारका लागि घनिभूत परिश्रम अभियानकै साथ अघि बढाउन जरुरी छ । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्ने सन्दर्भ संविधानमा संशोधन गर्दा मात्र सम्भव हुन्छ। संविधानमा सम्बोधन गर्न वर्तमान संविधानअनुसार नै दुई तिहाई बहुमत संसदमा हुनु जरुरी छ। नेपालको कमजोर राजनीतिक अवस्था र अस्थिरताका कारण यो अवस्था बन्न कठिन छ।

युवाहरूमा धैर्यधारण गर्न सक्ने क्षमता कम हुन्छ। अल्पअवधिमा उपलब्धि हासिल गर्न चाहन्छन्। तर उनीहरूसँग भएको रणनीति, संगठन, नेतृत्व, स्रोत-साधन, जनसमर्थन यी सबैको कसीमा आफूलाई परीक्षण गर्न सक्नुपर्दछ । यस अर्थमा युवाहरुले न्यूनतम पनि दुई निर्वाचनमा जनतासमक्ष प्रस्तुत भई जनताको मन जिती परिवर्तनका दिशामा अघि बढ्न सक्छन्।

आर्थिक र वित्तीय नीति एवं यी सम्बन्धी सम्पूर्ण क्रियाकलापमा पारदर्शिता कायम गराउन सक्नुपर्दछ । यो विषय आफैँले बनाएको सरकारबाट अल्पवधिमै कार्यान्वयनमा जान सकिन्छ। अनुहार होइन, राजनीतिक प्रणालीमा नै सुधार अत्यावश्यक छ। कतिपय संरचनात्मक प्रबन्धहरुमा नै सुधार जरुरी हुन्छ। यसका लागि पनि संविधान संशोधन गर्नुपर्दछ।

युवाहरुले पुराना स्थापित दलहरुभित्र आफ्ना समूहका साथीहरूको प्रभावकारीरूपमा सहभागिता गराउँदै ती दलहरुभित्र सुधारको गुन्जायस देखाउन सक्नुपर्दछ। यसको विपरीत पुरानै दलहरुले आफ्ना क्रियाशील सदस्यहरूका सन्ततिहरुलाई क्रियाशील बनाई आफ्नै एजेन्डामा समाहित गराउन थालिराखेका संकेतहरू मिलिराखेका छन्। हरेक प्रकारका नीति र नेतृत्व दुवैमा प्रभावकारी हस्तक्षेप गर्न युवा सक्रिय हुनुपर्दछ।

शासनमा अर्थपूर्ण दबाब, सरकारमा रहनेहरूलाई सम्झौतामा ल्याउन बाध्य पार्ने नीतिमा सुधारसहितको कार्ययोजना प्रस्तुत गर्ने र जिम्मेवारीमा आफ्ना एजेन्डा बोक्ने व्यक्तित्वहरुलाई पुऱ्याउने रणनीति युवाहरूमा हुनुपर्छ । अल्पअवधिमै नीति कार्यान्वयनमा दबाब दिन सकिन्छ । संगठन निर्माणका लागि केही वर्ष छुट्ट्याउनुपर्छ। दीर्घ अवधिमा चुनावी वा संस्थागत प्रभाव युवाहरुले पार्न सक्नुपर्दछ। राजनीतिक भ्रष्टाचार र दण्डहीनतालाई जरैदेखि निर्मूल गर्न आक्रामक हिसाबले प्रस्तुत हुनुपर्दछ। यसमा साथ दिन सबै सचेत नागरिकलाई युवाहरूबाट आह्वान हुनु जरुरी छ।

युवाहरू आपसमा एकताबद्ध भई एउटै घोषणापत्र जेनजी समूहका तर्फबाट आउनु जरुरी छ । सामूहिक नेतृत्वको धारणाको विकास आचारसंहिताको निर्माण र अनुशरण चरणबद्धरुपमा लक्ष्यको निर्धारण र आर्थिक संकटको समाधानजस्ता विषयले प्राथमिकता पाउनुपर्दछ। यसका लागि रणनीतिक हिसाबले युवाहरु अघि बढ्नु जरुरी छ। अन्यथा फेरि पनि पुरानै शक्तिहरूले देशको शासन सत्ता सम्हाल्नेछन्।

जहाँसम्म हालको अवस्था छ, निर्वाचन हुन सक्छ वा सक्दैन ? यो नै प्रश्नवाचक बनेको छ। शान्ति सुरक्षाको अवस्था कमजोर छ। अपराधीहरू सरकारकै हातहतियार लुटेर बजारमा लुकिछिपी बसेका छन् । सरकारले यिनीहरुलाई आफ्नो नियन्त्रणमा लिन सकेको छैन । यो असहज अवस्था एकातिर छ । अर्को कोणबाट हेर्दा युवाहरुले भोलि पुराना दलका नेता तथा कार्यकर्तालाई निर्वाचन प्रचारप्रसारकै क्रममा अवरोध गर्न सक्छन् । यस अवस्थामा पुराना दलका लामो समयदेखि आबद्ध पूर्णकालीन क्रियाशील सदस्य र स्वार्थलोलुप झुन्डहरु देशभर जमेर बसेका छन्।

राजनीतिमा उदयमान भएका नयाँ शक्ति र पुराना शक्तिबिचको टकराव र झडपले उग्ररूप लिन पुग्यो भने शान्ति सुरक्षाको अवस्था नियन्त्रणभन्दा बाहिर जान्छ। यस अवस्थामा निर्वाचन हुन सक्दैन। यस विषयमा युवाहरुले बनाएको सरकारको ध्यान आकर्षित हुनुपर्ने स्पष्ट देखिन्छ । अन्यथा जिनजी आन्दोलनको परिणति सकारात्मक दिशामा अघि बढ्ने छैन। यिनीहरूप्रति समेत जनताको विश्वास घट्दै जाने अवस्था बन्छ। अहिलेको अवस्थामा पुराना दलहरूप्रति मतदाताहरूमा देखिएको वितृष्णालाई उपयोग गर्न सक्ने रणनीति युवाहरुमा हुनुपर्दछ। त्यो अनुभूति हालका दिनसम्म पनि हुन सकेको छैन।

समाचार पत्रबाट

# लुम्बिनी बेकरी व्यवसायी संघको साधारणसभा सम्पन्न




बुटवल । लुम्बिनी बेकरी व्यवसायी संघको १६ साधारण सभा तथा ८औं अधिवेशन सोमबार बुटवलमा सम्पन्न भएको छ । संघमा रूपन्देही, पश्चिमनवलपरासी र कपिलवस्तुका व्यवसायीहरु आबद्ध रहेको महासचिव गैरेले जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि उपभोक्ता हित संरक्षण मञ्च केन्द्रीय उपाध्यक्ष तेजकुमार पाठकले सबै व्यवसायीहरुलाई गुणस्तरमा ध्यान दिन आग्रह गरेका थिए । हरेक व्यवसायमा आन्तरिक प्रतिस्पर्धा स्वभाविक भएको बताउँदै यस क्षेत्रमा ब्राण्ड बनाउनेतिर लाग्न व्यवसायीहरुलाई आग्रह गर्दै स्वस्थ्कर र गुणस्तरीय वस्तु उत्पादनमै ध्यान दिन उनको सुझाव थियो । विकसित देशहरुमा बेकरीका परिकार धैरै उत्कृष्ट र प्राथमिकतामा रहेको बताउँदै त्यसको ब्राण्ड पनि बनेकाले यहाँ पनि त्यसलाई ध्यान दिन उनको आग्रह थियो । 'प्रविधिको प्रयोग गरेर जाऔं, स्वस्थ प्रतिस्पर्धा गरौं, अस्वस्थ प्रतिस्पधाले दीर्घकालीन फाइदा कसैलाई हुँदैन, पेशाको संरक्षण र मर्यादित बनाउनु सबै व्यवसायीको दायित्व हो ।'- उनले भने ।

रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले बेकरीमा रहेका उद्योगी अधिकांश संघका पनि सदस्य भएकाले यो क्षेत्रमा आउने समस्याको समाधानमा मिलेर जान सकिने जनाए । उनले व्यवसायीले आफ्नो अधिकारसँगै कर्तव्यलाई पनि अंगिकार गर्नुपर्ने र समस्या आएको बेला तत्काल संस्थागत रुपमा र एकल रुपमा संघमा आउन आग्रह गरे ।

संघका अध्यक्ष देवानन्द पाण्डेको अध्यक्षता तथा महासचिव यादव गैरेको सञ्चालनमा भएको उद्घाटन कार्यक्रममा नेपाल उद्योग परिसंघ लुम्बिनी उपाध्यक्ष बाबुराम बोहोराले सम्बन्धित क्षेत्रका उद्योगी व्यवसायीहरु एकताबद्ध भएर अघि बढ्नुको विकल्प नभएको बताएका थिए ।

कार्यसमिति सदस्य तथा बुटवल १५ का जनप्रतिनिधि रमा पराजुलीले सबैको सहकार्यमा व्यवसायलाई थप परिस्कृत बनाउँदै जान सकिने बताउँदै स्वरोजगारमूलक व्यवसायीको संरक्षणका लागि निजी क्षेत्रलाई सरकारी तहबाट संरक्षण जरुरी रहेको जनाइन् ।

वि.सं २०५९ सालमा स्थापना भएको संघमा तीन जिल्लाका उद्योगी आवद्ध रहेको महासचिव गैरेले जानकारी दिए ।

उनले संघले आफ्ना उद्योगीहरुलाई गुणस्तरीय वस्तु उत्पादन र बिक्री वितरणमा जोड दिएको, नियमित अनुगमनलाई अघि बढाएको जनाउँदै २०८१ बैशाख २३ गते लागू भएको खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ मा रहेका नियमावलीले व्यवसायीलाई नै धरापमा पार्ने चिन्ता बढेको जनाएका छन् । 'यो नियमावलीमा उत्पादित वस्तुमा लेबल, तौल, प्याकिङ, र्‍यापर, र गुणस्तरको मापदण्ड त्रुटि देखिएमा चर्को जरिवाना र कैदसम्मको प्रावधान राखिएको छ, यसले उद्योगीको मनोबल घटेको छ ।'-उनले भने ।

अधिवेशनले पुनः देवानन्द पाण्डेको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ । जसको प्रथम उपाध्यक्षमा बाबुराम बोहोरा, उपाध्यक्षमा कृष्ण मोहन सिंह राठौर, महासचिवमा यादव गैरे, कोषाध्यक्ष विनोद प्रसाद चौधरी, सचिवमा तुलबहादुर तामाङ र सदस्यहरुमा सूर्यबहादुर भुजेल, रमा पराजुली, दुर्गा सुवेदी, महेन्द्र गुप्ता, आलोकसिंह राठौर, हिरा खत्री, गोपाल जायसवाल, सुधिर जायसवाल, गौरव पन्थ, खिमलाल पाण्डे र एक सदस्य पछि थप गरिने महासचिव गैरेले जानकारी दिए ।

# पुलतलीबजारको नेवार संग्रहालय अलपत्र



स्याङ्जा । स्याङ्जा सदरमुकामस्थित पुतलीबजार नगरपालिका-३ पुतलीखेतमा निर्माणाधिन नेवार (नेवाः) संग्रहालय अलपत्र अवस्थामा रहेको छ । तीन वर्षमा सक्नेगरी निर्माण थालिएको संग्रहालय १० वर्ष बितिसक्दा पनि आवश्यक बजेट अभावले अलपत्र अवस्थामा पुगेको हो ।

नेवाः गुठी पुतलीबजारको अगुवाइमा दुई करोड ५९ लाखको लागतमा निर्माण थालिएको संग्रहालय अलपत्र बन्दै गएको छ । आर्थिक वर्ष २०७२/७३ बाट झण्डै ८५ लाख खर्चेर भौतिक संरचना बनाए पनि संग्रहालयको आवश्यक पूर्वाधार बन्न सकेको छैन । संग्रहालय निर्माण सम्पन्न गर्न अब करिब एक करोड बजेट आवश्यक पर्ने नेवाः गुठीले जनाएको छ ।

नेवार समुदायको कला संस्कृति, रीतिरिवाज, परम्परा र पहिचानको प्रवर्धनबाट पर्यटन विकासमा टेवा पुऱ्याउने उद्देश्यले संग्रहालय निर्माण थालिएको थियो । करिब ५ रोपनी सार्वजनिक जग्गासहित ७ रोपनी क्षेत्रफलमा फैलिएको संग्रहालय प्रयोगविहीन बनेको छ । संग्रहालय बनाउन स्थानीय मोतीकुमारी श्रेष्ठ र पदमनारयाण श्रेष्ठले झण्डै दुई रोपनी जग्गा निःशुल्क दिएको गुठीले जनाएको छ ।

संग्रहालयको सभाहल, खानेपानी र शौचालय सुविधासहित दुई तलाको संरचना बने पनि अन्य पूर्वाधार बन्न नसकेको गुठीका पूर्वअध्यक्ष देवेन्द्रकुमार श्रेष्ठले बताए । सरकार र समुदायको प्रयासमा झण्डै ८५ लाख खर्चेर बनाएको संरचना अलपत्र बन्दै गएको उनले जनाए । पछिल्लो समय तीन तहका सरकार बनेपछि कुनै पनि सरकारले जिम्मेवारी लिन नसक्दा समुदायले निरन्तर प्रयास गर्दै आएपनि भवन अलपत्र बनेको श्रेष्ठको गुनासो छ ।

पूर्वाधार बनाउन आवश्यक एकमुष्ठ बजेट प्राप्त नहुँदा संग्रहालय निर्माणको अन्तिम रुप दिन नसकिएको गुठीले जनाएको छ । पुतलीबजार नगरपालिका, नेपाल पर्यटन बोर्ड र सामाजिक विकास कार्यालयले वार्षिक ५/७ लाख रकम दिएपनि मर्मतसम्भार र ससाना निर्माणका गतिविधिमै रकम खर्च हुँदै आएको छ । संग्रहालय सञ्चालन गर्न झण्डै एक करोड बजेट भएमा पूर्वाधारसँगै आवश्यक सामग्रीको व्यवस्थापन गर्न सकिने गुठीको भनाइ छ ।

संग्रहालयसँगै नेवार समुदायको कला संस्कृतिको संरक्षण गर्दै स्थानीय विभिन्न जातजातिको पहिचान झल्काउँने सांस्कृतिक कार्यक्रम गर्न मिल्ने गरी भवनको संरचना बनाइएको छ । सामूहिक रुपमा मनाइने चाडपर्व, बेलविवाह जस्ता लोपोन्मुख परम्परा टिकाई राख्न संग्रहालयको अवधारण अगाडि बढाएको गुठीले जनाएको छ । तल्लो तलामा ५ सय जना अट्ने सभाहल र भवनको माथिल्लो तलामा संग्रहालय राख्न सकिने भए पनि रकम अभावले संग्रहालय अलपत्र परेसँगै समुदायका अगुवा निराश भएका छन् ।

जिल्लाका पर्यटकीय सम्भावित स्थानलाई प्रवर्धन गर्न सहयोगी हुन्छ भनेरै संग्रहालय बनाउन लागेको सुनाउँदै गुठीका सल्लाहकार अनन्तकुमार श्रेष्ठले सिद्धार्थ राजमार्ग भएर पोखरा र लुम्बिनी आउजाउ गर्ने पर्यटकलाई लक्षित गरेर नेवार संग्रहालय बनाउन थालेको जनाए । जातीय परम्परा र पहिचानसँगै संग्रहालयमार्फत् कला संस्कृति प्रवर्धनको प्रयास अलपत्र पर्दै गएको श्रेष्ठले बताए ।

समुदायले जत्तिकै प्रदेश सरकार र स्थानीय तहले चासो दिएमा संग्रहालय तत्काल बनाउन सकिने गुठीले जनाएको छ । संग्रहालय बनाउन सकेको खण्डमा आन्तरिक र बाह्य पर्यटकलाई पुतलीबजारमा केन्द्रित गर्न सजिलो हुने श्रेष्ठले जिकिर गरे । राजमार्गबाट हिंड्डुल गर्ने पर्यटकलाई संग्रहालय अवलोकन गराउन सकेमात्रै जिल्लाका अन्य पर्यटकीय क्षेत्रको विकासमा आमूल परिवर्तन ल्याउन सकिनेमा श्रेष्ठ विश्वस्त देखिए ।

### गल्ती...

कुल प्रतिनिधि संख्या भने ४ हजार ७ सय ४३ छ । सम्पर्कमा रहेका प्रतिनिधिसमेत गरेर ६३ प्रतिशतभन्दा बढी सहभागी हुने आयोजकको दाबी छ ।

देउवाले विशेष महाधिवेशनबाट आउने सम्भावित परिणामबारे निकटस्थ नेताहरूसँग परामर्श गरिरहेका छन् । विशेष महाधिवेशनयसैबिच नेपाली कांग्रेसका महामन्त्री गगन थापाले विशेष महाधिवेशनले कानुनी मान्यता प्राप्त गर्नेमा विश्वस्त रहेको बताएका छन् । विशेष महाधिवेशनले नेतृत्व चयन गरेको अवस्थामा वैधता प्राप्त गर्ने-नगर्ने बहस भइरहेका बेला महामन्त्री थापाले प्रतिनिधिहरूलाई ढुक्क हुन आग्रह गरेका छन् ।

**विशेष महाधिवेशनले कानुनी मान्यता पाउनेमा गगन ढुक्क**

विशेष महाधिवेशनले कानुनी मान्यता प्राप्त गर्ने आधारहरु समेत उनले बन्द सत्रमा सुनाए । संविधान, राजनीतिक दल सम्बन्धी ऐन र पार्टी विधानमा भएको व्यवस्था अनुसार विशेष महाधिवेशन वैधानिकता प्राप्त गर्नेमा उनी ढुक्क देखिए । विशेष महाधिवेशनले वैधता प्राप्त गर्नसक्ने आधारहरुमा संविधानको धारा, राजनीतिक दलसम्बन्धी ऐनको दफा र विधान दफामा भएको व्यवस्था महामन्त्री थापाले प्रतिनिधिलाई जानकारी गराएका छन् ।

संविधानको धारा २६९ को उपधारा (४) (क) मा 'राजनीतिक दलको विधान लोकतान्त्रिक हुनुपर्ने' र धारा २७२ मा 'राजनीतिक दलको गठन, दर्ता, सञ्चालन र सुविधा तथा तत् सम्बन्धी अन्य विषय संघीय कानून' बमोजिम हुने व्यवस्था रहेको र त्यसको आधारमा निर्वाचन आयोगले निर्णय गर्ने महामन्त्री थापाको जिकिर छ ।

विशेष महाधिवेशनले मान्यता प्राप्त गर्ने अर्को आधारमा महामन्त्री थापाले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६ लाई उल्लेख गरेका छन् । 'राजनीतिक दलले संविधानको धारा २६९, उपधारा (४) बमोजिमको शर्त पुरा गर्नुपर्ने तथा दफा ८ को उपदफा (१) मा दलको कार्यसम्पादन र आन्तरिक काम कारवाहीलाई व्यवस्थापन गर्न एउटा विधान हुनुपर्ने : कानुनी व्यवस्था छ । त्यस्तै, उपदफा (२) को अनुसूचीमा उल्लेखित विषय विधानमा समावेश भएको हुनुपर्ने र उक्त ऐनको दफा ८ (२) सँग सम्बन्धित अनुसूचीको दफा ९ मा 'महाधिवेशनसम्बन्धी विषय विधानमा समावेश भएको हुनुपर्ने कानुनी व्यवस्था छ । त्यसअनुसार कांग्रेसको विधान, २०१७ (दशौं संशोधन २०७८।०८।२८) क्रियाशील रहेको महामन्त्री थापाले उल्लेख गरेका छन् । महामन्त्री थापा भन्छन्-'यसर्थ महाधिवेशन एउटा लोकतान्त्रिक पार्टीको आन्तरिक जीवनको लागि मात्र होइन, कानूनी र संवैधानिक दायित्व पनि हो ।'

विशेष महाधिवेशनले वैधता प्राप्त गर्ने अर्को आधार विधानको धारा १५ लाई देखाएका छन् । उक्त व्यवस्थामा पार्टीको सर्वोच्च अधिकारसम्पन्न निकायको रुपमा केन्द्रीय महाधिवेशन हुने विधानमा लेखिएको छ । विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वले कानुनी मान्यता प्राप्त गर्न विधानको धारा ४६ लाई अर्को आधार भएको महामन्त्री थापाले प्रतिवेदनमा उल्लेख गरेका छन् । उक्त व्यवस्थामा पार्टीको सबै निकायको बैठकको लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानिने व्यवस्था छ ।

विशेष महाधिवेशनको मुद्दा चर्किएसँगै सर्वाधिक चर्चामा कांग्रेसको विधानको १७ (२) हो । धारा १७ ले पार्टीको केन्द्रीय महाधिवेशनको कार्यविधिको व्यवस्था गरेको महामन्त्री थापाले उल्लेख गरेका छन् । धारा १७ (२) मा विशेष केन्द्रीय महाधिवेशनको सम्बन्धमा 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने ।'- लेखिएको छ । विधानको यो व्यवस्था बाध्यात्मक रहेको महामन्त्री थापाले बताए ।

महामन्त्री थापाले विधानको व्यवस्था देखाउँदै भनेका छन्-'विशेष महाधिवेशन विधानले परिकल्पना गरेको विशेष व्यवस्था हो र विधान २०१७ (संशोधनसहित) को धारा १ को उपधारा (४) अनुसार पार्टीका सम्पूर्ण कामकारबाहीहरू विधानमा उल्लेख भए बमोजिम सम्पादन गरिनुपर्दछ ।' विशेषका महाधिवशेनका लागि प्रतिनिधिहरुले १७ (२) को अनुसार माग गरेका थिए । कार्यवाहक सभापति पूर्णबहादुर खड्का समक्ष २४८८ जनाको लिखित प्रस्ताव बुझाएका थिए । यो अंक कायम रहेका प्रतिनिधिको ५४.५८ प्रतिशत हो ।

'बदलिँदो राजनीतिक परिस्थितिमा नेपाली कांग्रेसलाई सुदृढ बनाउन, जनभावना अनुरूपको नीति निर्माण गर्न र नयाँ ऊर्जासहितको नेतृत्वमार्फत पार्टीको समग्र पुनर्गठनका लागि विशेष निर्णय लिनु अपरिहार्य रहेको' उल्लेख गर्दै विशेष महाधिवेशनको माग गरिएको थियो । 'विशेष कारणसहित निवेदन दर्ता गरेको अवस्थामा त्यसको तीन महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय थियो र हो,' महामन्त्री थापा भन्छन्-'तसर्थ, केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनु उपयुक्त हुन्छ भनेर हामीले अधिकतम प्रयास गर्‍यो, तर केन्द्रीय कार्यसमितिबाट यो संभव हुन सकेन ।'

विधान बमोजिम कारण सहित माग गरेको विशेष महाधिवेशनलाई असान्दर्भिक वा औचित्यहिन भनेर उपेक्षा गर्ने अधिकार कसैलाई नभएको प्रतिवेदनमा महामन्त्री थापाले लेखेका छन् । नियमित कार्यतालिका आइसकेको अवस्थामा विशेष महाधिवेशन गर्नु औचित्यहीन हुने कार्यसम्पादन समितिले बहुमतको आधारमा निर्णय गरेको थियो । विधानसम्मत् मागलाई बेवारिसे हुन नसक्ने हुँदा विशेष महाधिवेशन स्वतः क्रियाशील भएको महामन्त्री थापाको जिकिर छ ।

'उक्त वास्तविकताको बारेमा हामीले पार्टी बैठकमा पटक-पटक सचेत गराएका थियौं । पौष २८ भित्र विशेष महाधिवेशन गर्नका लागि हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिको तर्फबाट भएको प्रयास महाधिवेशन प्रतिनिधिको सार्वभौम वैधानिक अधिकार हो,' महामन्त्री थापा भन्छन्-'तसर्थ, पार्टी विधानको निरन्तर उपेक्षा, नीतिगत अन्योल, सांगठनिक दुरावस्था र वर्तमान नेतृत्वको संकटले पौष २७ र २८ मा विशेष महाधिवेशन कानुनी र राजनीतिक दुवै दृष्टिले अपरिहार्य र बाध्यकारी बनेको हो ।'

विशेष महाधिवेशनको पक्षमा ६३ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेको दाबी गरेका छन् । विशेष महाधिवेशन प्रचार संयोजक सुवास पोखरेलले ६३ प्रतिशत हस्ताक्षर कटेको जानकारी दिए ।

सोमबार साँझ महाधिवेशनबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा उनले भने-'६३ प्रतिशत हस्ताक्षर कट्यो । प्रतिनिधि अझै आउनेक्रम जारी छ । हामी ७० प्रतिशत पुऱ्याएर देखाइदिन्छौं ।'

### भूकम्पबारे...

नास्टले यसअघि पनि नेपालका विभिन्न सहरहरूमा यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमहरूको उद्देश्य विद्यार्थी, शिक्षक तथा स्थानीय समुदायमा भूकम्पसम्बन्धी वैज्ञानिक ज्ञान विस्तार गर्नुका साथै जोखिम न्यूनीकरणका उपायप्रति जनचेतना अभिवृद्धि गर्नु रहेको नास्टले जनाएको छ ।

नेपालको भूकम्पीय संवेदनशीलतालाई ध्यानमा राखी स्थानीय तहसम्म वैज्ञानिक चेतना फैलाउने लक्ष्यसहित आयोजना गरिएको यस कार्यक्रमले भूकम्पीय तयारी र प्रतिक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । कार्यक्रममा विद्यालयका उपप्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, व्यवस्थापन संकाय संयोजक प्रकाश खनाल, शिक्षक मुक्ति पौडेललगायतले कार्यक्रममा सहभागी भएर भूकम्पको जोखिमबाट बच्ने उपायबारे ज्ञान हासिल गर्न विद्यार्थी र अभिभावकलाई आग्रह गरे ।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।०८।१२ गते बुटवल कालिकानगरबाट बुटवल मिलनचोकतर्फ जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

नामः लक्ष्मण न्यौपाने
ठेगानाः बगनासकाली- ६, पाल्पा
एन इ बी रजिष्ट्रेशन नम्बरः ७६४७१८०२१
सिम्वल नम्बरः २४७०११४४
फोनः ९८६७२०४९२७

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।०८। १५ गते गैडहवा ६ सूर्यपुराबाट बुटवल तर्फ जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

नामः सुनिता यादव
ठेगानाः गैडहवा ६, रुपन्देही
एन इ बी रजिष्ट्रेशन नम्बरः ८१५४९०३४०१४२
सिम्वल नम्बरः २४९०५९१३
फोनः ९७००१४०८५९

## मध्यविन्दु नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

चोरमारा, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

### नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) लिलाम बढाबढको सिलबन्दी बोलपत्र सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०८/१९**
**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०९/२९**

यस नगरपालिकाको क्षेत्रभित्र रहेको तपशिलमा उल्लिखित स्थानमा रहेको निम्न परिमाणको नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी, बालुवा) नगर कार्यपालिकाको मिति २०८२/०८/१२ को निर्णय अनुसार लिलाम बढाबढ गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको सिलबन्दी बोलपत्र फारम खरिद गरी रितपूर्वक बोलपत्र दरभाउपत्र पेश गर्न (१५) दिने यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | सूचना/ ठेक्का नं. | ठेक्काको नाम | परिमाण घ.मि. | न्यूनतम अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ५/०८२/०८३ | नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी, बालुवा) लिलाम बढाबढ रानीटार झो.पू.को पश्चिम/उत्तरमा रहेको दुई खण्ड | १०२३८.०० | ३६,८०,६३०.०० | ३,०००/- |

**शर्तहरु:-**

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मिति २०८२/०९/२९ गते देखि १५ दिन (मिति २०८२/१०/१३) गते भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र,आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ ।

२) सिलबन्दी बोलपत्र मिति २०८२/१०/१४ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ । सिलबन्दी बोलपत्र पेश गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दी बोलपत्रवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ । सिलबन्दी दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी बोलपत्रसाथ आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३०००००३००१०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

४) म्यादभित्र दर्ता भएका सिलबन्दी बोलपत्र दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएका, कार्यालयबाट विक्री नभएको सिलबन्दी बोलपत्र फारम भरी आएका सिलबन्दी बोलपत्रवालाको दस्तखत एवं छाप नभएका र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिनभित्र आफूले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरेसम्म र पेस्की/बेरुजु बाँकी हुनेले फर्छ्यौट नगरे सम्म सिलबन्दी बोलपत्र खरिद गर्न पाउने छैन ।

७) कुनै कारणवश दर्ता भएको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय-समयमा गरिएको निर्देशनहरुको सिलबन्दी बोलपत्रवालाहरुले पालना गर्नु पर्नेछ ।

९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**मेलाको तयारीः**
माघे संक्रान्तिको अवसरमा रूरू गाउँपालिका १ रिडीमा हुने मेलाको तयारीका काम हुन थालेका छन् । पाल्पा र गुल्मी जिल्ला जोड्ने पुलमा नेपालका झण्डा राख्दै तयारी तीव्र पारिएको मेला व्यवस्थापन समितिका हिमाल श्रेष्ठले जानकारी दिए । तस्विरः दैनिक लुम्बिनी

# एभरेष्ट कप छात्रा भलिबलमा एभरेष्ट र न्यू होराइजन विजयी




बुटवल । रुपन्देहीको बुटवलमा एघारौ जिल्लास्तरीय अन्तर मावि एभरेष्ट कप छात्रा भलिबल प्रतियोगिता सुरु भएको छ । एभरेष्ट इङ्ग्लिस मावि बुटवलको आयोजनामा सुरु भएको एभरेष्ट कप छात्रा भलिबल प्रतियोगितामा जिल्लाभरीका डेढ दर्जन सामुदायिक र संस्थागत विद्यालयका टिमहरुको सहभागिता रहेको छ ।

सोमबारदेखि सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा न्यू होराइजन र आयोजक एभरेष्ट मावि विजयी भएका छन् । पहिलो उद्घाटन खेलमा देवदह इङ्ग्लिस बोर्डिङ् स्कुललाई सोझो सेटमा हराउँदै होराइजन मावि बुटवलले अघिल्लो चरणमा प्रवेश गरेको छ ।

यस्तै सोमबार नै भएको दोस्रो खेलमा अक्सफोड मावि बुटवललाई सोझै सेटमै पराजित गर्दै आयोजक एभरेष्ट इङ्ग्लिस माविले अघिल्लो चरणको यात्रालाई सुरक्षित गरेको खेल संयोजक अर्जुन घिमिरेले जानकारी दिए ।

यस्तै सोमबार नै भएको तेस्रो खेलमा ग्रीन प्लान्ट मावि देवदह, चौथो खेल र पाँचौ खेलमा देवदह बुद्ध पब्लिक विजयी भएका हुन् । प्रतियोगिताका अन्य खेलहरु मंगलबार र बुधबार हुने छन् भने बुधबार फाइनल खेल हुने उनले बताए ।

प्रतियोगिताको उद्घाटन गर्दै जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख विष्णुप्रसाद पन्थीले खेलकुदले विद्यार्थीको चौतर्फि विकास गर्ने उल्लेख गर्दै संस्थागत विद्यालयहरुले शैक्षिकसँगै खेलकुदको क्षेत्रमा ठुलो लगानी गरेको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गमप्रसाद रेश्मीको अध्यक्षतामा भएको कार्यक्रममा प्याब्सन नेपालका केन्द्रीय उपाध्यक्ष टिकाराम न्यौपाने, हिसानका केन्द्रीय सदस्य दिनेश भुसाल, अभिभावक संघका केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली, प्याब्सनका रुपन्देही अध्यक्ष दीपक खनाल, नेपाल पत्रकार महासंघका अध्यक्ष दिनेश पाण्डे, विद्यालयका सह-प्राचार्य भिमसेन गौतमलगायतले खेलकुदको विकासमा निजी विद्यालयहरुको भुमिका महत्वपूर्ण रहँदै आएको उल्लेख गर्दै सहभागी टिमलाई विजयीको शुभकामना दिए ।

कार्यक्रममा विद्यालयका प्राचार्य कृष्ण न्यौपानले विद्यालयले शैक्षिकसँगै आन्तरिक, नगर र जिल्लास्तरीय विभिन्न कार्यक्रमहरु निरन्तर आयोजना हुँदै आएको बताए ।

शिक्षक माधव पौडेलको सञ्चालनमा भएको प्रतियोगिताको उद्घाटन कार्यक्रमको अवसर पारेर विद्यालयले खेलकुद सप्ताहको पनि शुभारम्भ गरेको छ । कक्षा एकदेखि मावितहका विद्यार्थीहरुले विभिन्न विधामा प्रतिस्पर्धा गर्ने सप्ताहमा भलिवल, स्कीपिङ रेश, टायर रेश, बुक रेश, हाइजम्प, लगजम्प, बलुन ब्लाष्ट, म्युजिकल चियरलगायतका प्रतिस्पर्धाहरु हुने छन् ।

# खेलकुदको हब बन्दै जैढुङ्गा बीपी पार्क



गुल्मी । रेसुङ्गा नगरपालिकाको फोर्टिन स्टार युवा क्लबले प्रत्येक वर्ष सदरमुकाम तम्घासको चिदिचौर खेलमैदानमा जिल्लास्तरीय छात्र फुटबल प्रतियोगिता सञ्चालन गर्थ्यो ।

उक्त खेलमैदानमा विभिन्न जिल्लास्तरीय खेलकुदका प्रतियोगिता हुने गर्दथे । यसपटक भने तम्घासको चिदिचौर खेलमैदान निर्माणाधीन छ । त्यसले गर्दा कुनै पनि खेलकुदका कार्यक्रम सञ्चालन भएका छैनन् । यस वर्ष गर्ने कि नगर्ने भन्ने थियो । गुल्मीको इस्मा गाउँपालिकाले वडा नम्बर १ झरनामा पालिकाले जैढुङ्गा बीपी पार्कसँगै अन्तरराष्ट्रिय मापदण्डको क्रिकेट रङ्गशाला निर्माण गऱ्यो । त्यसले गर्दा जिल्लामा हुने विभिन्न प्रतियोगिता अहिले उक्त रङ्गशालामा हुने गरेका छन् ।

सदरमुकाम तम्घासबाट जम्मा १४ किलोमिटर टाढा रहेको खेलमैदानमा जिल्लादेखि स्थानीयस्तरका सबै खेलकुदका कार्यक्रम सञ्चालन भइरहेका छन् । “खेलमैदानको अभावमा यस वर्ष खेलकुद प्रतियोगिता सञ्चालन गर्ने कि नगर्ने भन्ने थियो”, क्लबका अध्यक्ष नारायण आचार्यले भने-“इस्मामा आकर्षक खेलमैदान बनेको रहेछ, पालिकाले सहयोग गर्ने भए पनि जैढुङ्गा बीपी पार्कमा प्रतियोगिताको आयोजना गऱ्यौं ।”

उनले क्रिकेट मैदानलाई फुटबल मैदानका रुपमा प्रयोग गरी प्रतियोगिता सञ्चालन गरेको बताए। ग्रासरुटका खेलाडी उत्पादन गर्न खेलमैदानले सहयोग गरेको उनको भनाइ छ । सदरमुकामको खेलमैदान निर्माणाधीन हुँदा यस वर्ष जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड, जिल्लास्तरीय छात्रा फुटबल प्रतियोगितालगायत सदरमुकाम बाहिर सञ्चालन गरिएको थियो ।

पार्कमा दिनहुँजसो खेलकुदका कार्यक्रम सञ्चालन हुन थालेपछि इस्मा गाउँपालिका खेलकुदमय बन्न थालेको छ । पछिल्लो एक महिनामै पार्कमा पाँच विभिन्न खेलकुदका प्रतियोगिता सम्पन्न भएका छन् । सबैभन्दा पहिले इस्माकै परिवर्तन युवा क्लबले गत मङ्सिर २० देखि २५ गतेसम्म क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो ।

कूल १० टोली सहभागी प्रतियोगिताको उपाधि रुपन्देहीको देवहदको युवा क्लबले हात पारेको थियो । दोस्रो खेल गुल्मीको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान र पत्रकार महासङ्घबिच मैत्रीपूर्ण भएको थियो । तेस्रो खेलका रुपमा फोर्टिन स्टार युवा क्लबले पुस ८ देखि १० गतेसम्म जिल्लाका माध्यमिक विद्यालयस्तरीय फुटबल प्रतियोगिता गरेको थियो ।

त्यसैगरी चौथो खेल पुस १५ गते विद्युत् कर्मचारी र पत्रकारबिच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता तथा पाँचौँ खेलको रुपमा पुस २४ देखि २६ गतेसम्म इस्माको राष्ट्रपति रनिङ शिल्ड सम्पन्न भयो । अब छैठौँ खेलका रुपमा तम्घासको खुकुरी युवा क्लबले आगामी माघ ६ देखि १० गतेसम्म विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको आयोजना गरेको वडाध्यक्ष शेरबहादुर कुँवरले जानकारी दिए ।

कुँवरले पछिल्लो समय पार्कमा घुमफिर, पिकनिक एवं खेलकुदका धेरै कार्यक्रम सञ्चालन हुँदा स्थानीयस्तरमा आर्थिक चलायमान बढेको बताउनुभयो । स्थानीय उत्पादन बिक्री हुनुका साथै चटपटे, होटल व्यवसाय, फलफुल व्यवसाय लगायतका व्यवसाय बढ्ने र घडेरीको मूल्य वृद्धि भएको वडाध्यक्ष कुँवरको भनाइ छ ।

पछिल्लो समय युवामा क्रिकेटप्रतिको मोह बढ्दै गएपछि इस्मा गाउँपालिकाले वडा नम्बर १ मा बिपी पार्कको नाममा क्रिकेट रङ्गशालाको निर्माण गरेको थियो । सार्वजनिक जग्गा सदुपयोग गरेर बनाइएको उक्त खेलमैदानमा पार्क र वनभोज स्थलसमेत बनाइएको छ । मदन भण्डारी राजमार्गको छेउमा पर्ने जैढुङ्गा बिपी पार्कको काम २०७९ सालबाट सुरु भएको थियो । पहिलो वर्ष २०७९ मा रु पाँच लाख, २०८०/८१ मा रु एक करोड र २०८१/८२ मा रु एक करोड २३ लाख लागतमा खेलमैदानसहितको संरचना तयार भएको गाउँपालिका उपाध्यक्ष एवं प्रवक्ता पार्वती कुँवरले बताइन् ।

उनले पार्कमा माटो बिछ्याउने, खोलाको किनारमा पर्खाल लगाउने, ग्याभिन जाली, तारजाली घेराबार, बगैंचा निर्माण, पिकनिकका लागि संरचना तयार, फलफूलका बिरुवा रोपण, पिउने पानी, पार्किङ, शौचालयलगायत संरचना तयार गरेको बताए ।

“खेलकुदको नयाँ घरका रुपमा खेलमैदान निर्माण गरेका छौँ”, उपाध्यक्ष कुँवरले भन्नुभयो, “भविष्यमा समग्र जिल्लाको खेलपर्यटनलाई वृद्धि गर्ने लक्ष्य लिएका छौँ ।” उहाँले जेनजी आन्दोलनका कारण सङ्घीय सरकारको रु तीन करोड बजेट रोकिए पनि आगामी वर्षहरुमा खेलमैदानलाई थप आकर्षक र स्तरोन्नति गर्ने योजना रहेको बताउनुभयो । खेलमैदाननिर्माणपछि स्थानीय खेलाडीलाई खेलप्रति मोह बढेको कुँवरको भनाइ छ ।

# स्थानीयको सक्रियतामा सडक बत्ती



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको चापाकोट नगरपालिका-५ सेखाममा स्थानीयको सक्रियतामा सडक बत्ती जडान गरिएको छ । स्थानीयसँगै आमा समूह र युवा क्लबको सक्रियतामा सेखामस्थित विभिन्न गाउँका चोकचोकमा सडक बत्ती जडान गरिएको हो ।

दामाचौर-क्याक्मी सडकखण्ड र सहायक मार्गस्थित हिलामराङ्ग क्षेत्रका गाउँमा सडक बत्ती जडान गरिएको छ । स्थानीय समाज उत्थान आमा समूह र कालिका युवा क्लबको सक्रियतामा झण्डै एक लाख ५० हजारको लागतमा सडक बत्ती जडान गरिएको छ । हिलामराङ्ग क्षेत्रका एक दर्जन स्थानमा सडक बत्ती जडान गरिएको क्लबले जनाएको छ ।

सडक दुर्घटनासँगै चोरीका घटनाहरु बढ्न थालेपछि समुदायको खर्चम गाउँको चोकचोकमा सडक बत्ती जडान गरिएको क्लबका पूर्वअध्यक्ष जनक मल्लले जनाए । हिलामराङ्ग, पुलचोक, खेलमैदान, पाण्डेगाउँ, कालिका मन्दिर, खाम्चे, कोल्पाटा, आँपगैरा, कोलडाँडालगायतका स्थानमा बत्ती जडान गरिएको छ । सडक बत्ती जडान भएपछि रात्रीकालिन हिंड्डुलमा सहज भएको छ ।

मासिक रुपमा आउने विद्युत् महशुल आमा समूह र क्लबकै समन्वयमा तिर्ने गरी सडक बत्ती जडान गरिएको आमा समूहकी अध्यक्ष विष्णुमाया पंगेनीले जानकारी दिइन् । आफूहरुले स्टीलको पोल र चिम खरिद गरेर ८०/८५ घरपरिवार लाभान्वित हुने गरी गाउँमा सडक बत्ती जडान गरेको पंगेनीले बताइन् ।

बुटवल पावर कम्पनी (बीपीसी) को विद्युत् प्रशारण लाइन गरेको गाउँमा विद्युत्को मासिक महशुल भने सामान्य आउने गरेको क्लबले जनाएको छ । मासिक रुपमा आउने महशुल, पोल, बत्ती र तार मर्मतको काम आमा समूह र क्लबकै समन्वयमा भुक्तानी गरिँदै आएको छ ।

चाडपर्व लक्षित सांस्कृति कार्यक्रम, देउसीभैलो, वार्षिकोत्सव र विभिन्न अवसरमा संकलित रकमबाट सडक बत्ती जडान गरिएको हो । सवारी साधन प्रयोग गर्नेले सहज यात्रा गरे पनि टर्चलाइट र अन्य सहायताले रात्रिकालिन यात्रा गर्नेहरुलाई चोकचोकमा राखिएको सडक बत्ती सहयोगी बनेको स्थानीयले बताएका छन् ।

# नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना




बुटवल । नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रतता हननका १२१ घटना घटेको पाइएको छ ।

प्रेस काउन्सिल नेपालले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटनाहरूको अभिलेखन गर्ने क्रममा सन् २०२५ जनवरी १ देखि सन् २०२५ डिसेम्बर ३१ सम्ममा उक्त संख्यामा प्रेस स्वतन्त्रता हननका घटना घटेको जनाएको हो ।

सबैभन्दा बढी धम्की दुर्व्यवहार का ५० घटना अभिलेख भएका छन् । यसैगरी आक्रमण कुटपिटका ३७, पेसागत असुरक्षाका १५, कब्जा/अवरोधका नौ, पक्राउ प्रयासका पाँच, शङ्कास्पद मृत्युका दुई, नीतिगत बन्देजका दुई र लैङ्गिक हिंसाका एक घटना अभिलेख भएका छन् ।

प्रदेशअनुसार अनुगमन गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ६२, मधेस प्रदेशमा २७, सदुरपश्चिममा आठ, कोशीमा सात, लुम्बिनी र गण्डकीमा ६/६ र कर्णालीमा पाँच घटना घटेका छन् ।

लैङ्गिक आधारमा एक वर्षभरिमा १९० पुरुष र १० महिला गरी २०० जना पत्रकार/सञ्चारमाध्यमलाई प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोध गरिएको देखिएको काउन्सिलले जनाएको छ । यस अवधिमा प्रेस स्वतन्त्रता दुरूपयोगका १० वटा घटना घटेका छन् । यसमा बागमती प्रदेशमा पाँच, मधेस प्रदेशमा चार र कर्णालीमा एक घटना घटेको विज्ञप्तिमा उल्लेख छ ।


**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया**
**डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## विनयी त्रिवेणी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/०९/२९

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

**तपशिलः**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| १ | 19/BTRM/NCB/Goods/2082-083 | Procurement of medicines for basic and emergency health care | Ranimahal Medico Supplairs Tansen palpa | रु. १४६७२०३.३० |
| २ | 20/BTRM/Works/NCB/2082-083 | Binayi tribeni-6 narayani gandaki mavi parisar ma purbadhar staronnati karya, Gajendra moksha dham ma jyestha nagarik nirmanadhin adhuro Dharmashala nirman | KALI NCS/J.V., Ramgram municipality- 3 | रु. ५२४५८२६.६५ |

**प्रमुख प्रशासकीय अधिकृत**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com